बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, सिन्धुली

## स्वास्थ्य सहजकर्ता पदपुर्ति सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मितिः- २०८२।१२।२७

स्वास्थ्य मन्त्रालय (मन्त्रीस्तर) हेटौडाबाट स्वीकृत **प्रदेश स्वास्थ्य सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यकम संचालन निर्देशिका, २०८२ बमोजिम** सामुदायिक स्वास्थ्य स्वयंसेवक परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालनार्थ यस कार्यालयका लागि हरिहरपुरगढी गाउँपालिका अन्तर्गत कामकाज गर्ने गरी तपसिल बमोजिम स्वास्थ्य सहजकर्ता सेवा करारमा भर्ना गर्नुपर्ने भएकोले स्वास्थ्य सहजकर्ता छनौट तथा सिफारिस समितिको मिति २०८२।१२।२५ को निर्णय अनुसार योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा राजस्व तिरेको सक्कलै भौचरसहित आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | सहजकर्ताको पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | पि.सि.एल.नर्स | १ (एक) | |

**१. योग्यता र अनुभवः-**

क. नेपाली नागरिक ।

ख. १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको ।

ग. आवश्यक शैक्षिक योग्यता पुरा गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको वा अध्ययनरत विद्यार्थीहरुको हकमा OJT पत्र प्राप्त भएको ।

घ. प्रचलित कानूनद्धारा अयोग्य नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

**२. दरखास्त फाराममा संलग्न गर्नुपर्ने कागजातः-** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, काउन्सिल दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा अध्ययनरत विद्यार्थीहरुको हकमा OJT (On the Job Training) पत्र ।

**३. आवेदन दिने अन्तिम मितिः-** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (२०८३।०१।०३ सम्म) ।

**४. दरखास्त दाखिला गर्नुपर्ने स्थानः-** जनस्वास्थ्य कार्यालय सिन्धुली । बागमती प्रदेश सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम संचालन निर्देशिका, २०८२ को अनूसुची -२ बमोजिमको आवेदन फाराम भरी पेश गर्नुपर्नेछ वा इमेलमार्फत आवेदन दिंदा आफ्नो विवरणसहित आवेदन फारम, बैकं भौचर र संलग्न गर्नुपर्ने कागजात स्क्यान गरी यस कार्यालयको इमेल phosindhuli@bagamati.gov.np मा निर्धारित म्यादभित्र पठाउनुपर्नेछ । दरखास्त फाराम यस कार्यालयको वेवसाइट **phosindhuliotemau.giwms-admin.gov.np** बाट Download गर्न र हार्डकपीका लागि कार्यालयमा उपस्थित भई दरखास्त फारम प्राप्त गर्न सकिनेछ । रीत नपुगी वा म्याद नाघी आएका आवेदनउपर कुनै कारवाही हुने छैन ।

**५. दरखास्त दस्तुरः-** जनस्वास्थ्य कार्यालय सिन्धुलीको कार्यालयको कोड नं. ३७००१२५१४३, राजस्व शिर्षक नं. १४२२४ मा रु. ४००।- जम्मा गरेको सक्कलै भौचर ।

**६. सेवा तथा सुविधाः-** मासिक प्रोत्साहन खर्च स्वरुप रु. २०,०००।- (बीस हजार मात्र) ।

**७. अन्तवार्ताको मिति र समयः-** यस कार्यालयबाट सूचना प्रकाशन गरी तोकिनेछ ।

**८. छनौटको आधारः-** शैक्षिक योग्यता, अन्तवार्ता र स्थानीयताको आधार ।

**९. कार्यक्षेत्रः-** हरिहरपुरगढी गाउँपालिका अन्तर्गत ।

**१०. सेवा करार अवधीः-** २०८३ असार मसान्तसम्म ।

संयोजक
छनौट एवं सिफारिस समिति